नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

मुद्दा-: अभद्र व्यवहार।

मि.नं.- ५०७ दायर मिति-: २०८१/०१/१४

फैसला मिति- २०८१/०२/१७

वादी

वकील मियाँ धोवीको जाहेरीले

नेपाल सरकार..........................१

प्रतिवादी

जिल्ला पर्सा जगरनाथपुर गा.पा. ६ वस्ने राधेश्याम ठाकुरको छोरा वर्ष १९ को सागर ठाकुर .........१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य-खण्ड

१. प्रतिवादीलाई सोधपुछ गर्दा अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त ।
२. सोधपुछ जाहेरवालालाई अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. सोधपुछ गरेकोले जाहेरवालालाई अपशब्द प्रयोग गरी गाली गलौज गर्दै अभद्र व्यवहार गरेको पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालालाई अभद्र व्यहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका पन्नालाल ठाकुर समेतको घटनाविवरण कागज
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिति बयान ।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र ।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र ।

ठहर-खण्ड

यसमा मेरो छोरी बर्ष १९ की सहनाज खातुन मिति २०८१।१।२ गते बेलुका आफ्नै घरबाट हराएकी हुँदा खोजतलासको क्रममा ऐ.९ गते अ.१५:०० बजेको समयमा जिल्ला पर्सा जगरनाथपुर गा.पा.वडा नं.६ स्थित सडकमा विपक्षी सागर ठाकुरलाई फेला पारी मेरो छोरी हराएको सम्बन्धमा सोधपुछ गर्दा निजले आवेशमा आई अश्लिल शब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का , सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी सागर ठाकुरलाई कैद दिन ५ र जरिवाना ५०००/- अक्षेरेपी पाँच हजार मात्र गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी सागर ठाकुर लाई ठहरेको कैद दिन ५ को हकमा निज मिति २०८१-०१-०९ देखि २०८१-०१-१३ सम्म हिरासतमा बसी भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.५१५/२०८१/०१/१४ बाट दाखिला गरेको धरौटी रकम रु.५०००/- बाट जरीवाना रु.५०००/- कट्टी गर्नु ------------------------------------------------------------------------------------------- १

२.प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु-----------------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ जेष्ठ महिना १७ गते विहीवार रोज ५/ ने.सं. ११४४ बछलागा सप्तमा, शुभम् ........